# रौतामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०८१/०८२

च.नः :- 606

मितिः २०८१/०८/१०

ने.स.११४५ कछलागा १० सोमबार

**विषयः खेलाडी टिम दर्ता सम्वन्धमा ।**

श्री जो जस संग सम्वन्धित छ ।

प्रस्तुत विषयमा त्रियुगा नगरपालिका नगर युवा तथा खेलकुद विकास समितिको प.स ०८१/०८२ च.नं.३४ मिति २०८१/०८/०७ को पत्रानुसार **"प्रथम त्रियुगा मेयर कप उदयपुर जिल्ला अन्तरपालिका स्तरीय पुरुष भलिवल प्रतियोगिता २०८१"** मा टिम सहभागी गराउनु पर्ने भएको हुँदा ईच्छुक रौतामाई वासी पुरुष खेलाडीहरुले त्रियुगा नगरपालिका नगर युवा तथा खेलकुद विकास समितिको नियम अनुरुप तपसिल वमोजिम यस रौतामाई गाउँपालिकाले खेलाडी छनौट गरी पठाउने हुँदा मिति २०८१ मंसिर २० गते भित्र यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा नाम दर्ता गराउनुहुन अनुरोध छ।

तपसिल

१. दर्ता भएका खेलाडीहरु मध्येवाट वढीमा १२ जना खेलाडी, १जना प्रशिक्षक र १ जना व्यवस्थापक छनौट गरी १ टिम सिफारीस गरिनेछ ।

२०८१/०८/१०.

पदम वहादुर सोमै

शिक्षा अधिकृत

नोटः त्रियुगा नगरपालिका नगर युवा तथा खेलकुद विकास समितिको भलिवल प्रतियोगितका नियम र खेलाडी दर्ता फाराम यसै पत्र साथ संलग्न गरिएको छ ।



CamScanner

## प्रथम त्रियुगा मेयर कप अन्तरपालिका स्तरिय पुरुष भलिबल प्रतियोगिता २०८१

### प्रतियोगिताका नियमहरु:

१.प्रतियोगिता अन्तराष्ट्रिय भलिवल महासंघ (FiVB) ले पारित गरेको र नेपाल भलिवल संघ द्धारा लागु गरिएको नियम अनुसार खेलाइनेछ । खेल लिगकम नकआउटका आधारमा सञ्चालन हुनेछ । साथै लिग चरणका खेलहरु वेष्टअफ थ्री र नकआउट चरणका वेष्टअफ फाइभ खेलाइनेछ ।

२. प्रतियोगितामा सहभागी हुने टिमले पत्र साथ संलग्न खेलाडी फाराम भरि सम्वन्धित पालिकाको सिफारिस साथ सम्पूर्ण खेलाडीहरुको स्थायी वसोवास कागजातहरु (जन्मदर्ता प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, वसाईसराई दर्ताको प्रमाण पत्र तथा मतदाता परिचय पत्र मात्र) मध्ये एक कागजातको प्रतिलिपी अनिवार्य संलग्न गरि मिति २०८१ मंसिर २३ गते सम्ममा आयोजक समिति समक्ष टिम दर्ता गराई सक्नुपर्नेछ ।वसाईसराईको हकमा मिति २०८१ मंसिर १५ गते भित्र सम्मको प्रमाण पत्रलाई मान्यता दिइनेछ ।अन्यथा आयोजक सहभागी गराउन वाध्य हुने छैन ।आयोजकले माग गरेको खण्डमा सक्कल कागजात पेश गर्नुपर्नेछ । सहभागी टिमहरुलाई टिम दर्ता शुल्क लाग्ने छैन ।

३. टाईसिट मिति २०८१ मंसिर २४ गते आयोजक समितिले सार्वजनिक गरिनेछ ।

४. सहभागी टिमहरुले खेलाडी संख्या १२ प्रशिक्षक १ र टिम व्यवस्थापक १ गरि जम्मा १४ जना समावेश गर्न सक्नेछ । एक टिममा नि.नं. २ वमोजिम पालिका भित्रका खेलाडी १० हुनुपर्नेछ भने उदयपुर जिल्ला भन्दा वाहिरका २ खेलाडी समावेश गर्न सक्नेछ ।यदि नामावली तथा आवश्यक कागजात नवुझाएको खेलाडीलाई आयोजक समिति खेलाउन बाध्य हुनेछैन ।

५. सहभागी टिमका सम्पुर्ण खेलाडीको शरीरको पछाडिको भागमा (ढाड) र अगाडी (छाती) मा अङ्क खुल्ने एकै (लिव्रोको हकमा फरक) रङ्गको जर्सी र जुत्ता अनिवार्य लगाउनु पर्नेछ ।

६. टाईसिटमा उल्लेख भएको समय भन्दा ४५ मिनेट अगाडी ग्राउण रिपोट गर्नुपर्नेछ अन्यथा भएमा निर्णायकको निर्णय मान्य हुनेछ ।खेलमा कुनै विवाद भएमा आयोजक समितिको निर्णय अन्तिम हुने छ ।

७. कुनै पनि सहभागी टिम तथा विपक्षी टिमका खेलाडी माथि शंका लागेमा खेल सकिएको बढीमा ३० मिनेट भित्रमा विषयवस्तु स्पष्ट खुलाई आयोजक समिति समक्ष लिखित उजुरी निवेदन पेश गर्नु पर्ने छ ।निवेदन दस्तुर नगद रु.५०००।- रुपैया लाग्नेछ ।उजुरी ठहर नभएमां सो दस्तुर रकम फिर्ता हुनेछैन यदि ठहर भए सो रकमको ५० प्रतिशत दस्तुर फिर्ता हुनेछ ।विपक्षी टिम विरुद्द उजुरी गर्दा दाबि पुग्ने प्रमाण उजुरी गर्ने टिमले पेश गर्नुपर्नेछ ।

८. खेल अवधिमा चोटपटक लागेमा वा खेलाडी घाइते भएमा खेलाडी तथा सहभागी टिम जिम्मेवार हुनेछ ।

९. मिति २०८१ मंसिर २५ गते साझ ठिक ५ वजे मेनेजर वैठक वस्नेछ । सो बैठकमा सहभागी टिमको टिम कप्तान, टिम प्रशिक्षक र टिम व्यवस्थापक अनिवार्य उपस्थित हुनुपर्नेछ ।अन्यथा आयोजक जिम्मेवार हुने छैन ।

१०. सहभागीता भए वापत रौतांमाई गाउपालिकालाई रु.८०००।-(अक्षरुपी:सात हजार मात्र) उपलब्ध गराइनेछ ।


थप जानकारी तथा सम्पर्कका लागी:

विजय कुमार सिंह(अध्यक्ष) ९८६२९४१५५५,किरण कार्की (सचिव)९८६९२२[illegible]

सन्तोष रोका (कोषाध्यक्ष) ९८४१२०८७८९

# प्रथम त्रियुगा मेयर कप अन्तरपालिका स्तरिय पुरुष भलिबल प्रतियोगिता २०८१

## खेलाडी दर्ता फाराम

टिमको नाम------------------------------------------------------ठेगाना-----------------------

सम्पर्क नम्बर------------------------------------------------जर्सी कलर--------------------

| | | | |
|---|---|---|---|
| नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः |
| नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः |
| नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः | नामः<br>जन्ममितिः<br>ठेगानाः |

प्रमाणित गर्ने अधिकारीको नामः

पदः

हस्ताक्षरः

छापः

CamScanner